# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६


**भिमाद नगरपालिकावाट मिति २०७७/०६/२२ गते जारी गरिएको अत्यन्त जरुरी सूचना ।**

भिमाद नगरपालिकामा समुदाय स्तरमा कोरोना भाइरसको संक्रमण बढदै गएकोले मिति २०७७/०६/२० गते देखि अर्को सूचना नभएसम्मको लागि नगर कार्यपालिकाको कार्यालयवाट कोभिड -१९ संग सम्वन्धित स्वास्थ्य तथा सुरक्षा सम्वन्धी कार्यहरु वाहेक सम्पूर्ण कार्यहरु वन्द रहने र भिमाद नगरपालिकाका सवै वडाहरु (१-९) को सम्पूर्ण सेवाहरु पूर्णरुपमा वन्द गर्ने भनी यस कार्यालयको मिति २०७७/०६/२० मा नगर प्रमुख स्तरीय निर्णय भएकोमा मिति २०७७/०६/२२ गतेदेखि अर्को सूचना जारी नभएसम्मको लागि देहाय वमोजिम गर्ने भनी नगर प्रमुख स्तरीय निर्णय भएकोले सम्पूर्ण नगरवासीहरुमा देहाय वमोजिम गर्नु गराउनु हुन हार्दिक अपिल गर्दछौं।

- मिति २०७७/०६/२० मा जारी भएको सूचनालाइ यथावत कायम राखी पूर्णरुपमा वन्दको पालना गर्ने,
- (स्वास्थ्य, सुरक्षा) वाहेक कुनै पनि किसिमका सवारी साधनहरु आवतजावत नगर्ने/नगराउने,
- अत्यावश्यक सेवामा सवारी साधनहरु आवतजावत गर्नुपरेमा भिमादको मूख्य वजार क्षेत्रमा प्रवेश नगरि/नरोकिइकन अन्य वाहिरी सडकको प्रयोग गरी आ-आफ्नो क्षेत्र तर्फ जाने,
- भिमाद नगरपालिका स्थित सम्पूर्ण संघसंस्था/कार्यालयहरु वन्द गर्ने,
- अत्यावश्यक काम वाहेक घरवाट वाहिर ननिस्कने,
- तोकिएको जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने/गराउने,
- कोरोना भाइरसको संक्रमण रोकथाम एवं नियन्त्रणमा सवैले आ-आफ्नो तर्फवाट सहयोग एवं समन्वय गर्ने।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

भिमाद नगरपालिका, तनहुँ ।

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत